# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, पुस ३ गते, २०८२ साल (संख्या ५०

## भाग ३

## नेपाल सरकार

## अर्थ मन्त्रालयको

## सूचना

**संवत् २०८२ सालको नियमावली (नेराप) नम्बर ३०**

## आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (दोस्रो संशोधन) नियमावली, २०८२

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (दोस्रो संशोधन) नियमावली, २०८२" रहेको छ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ।

२. **आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २ मा संशोधन** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को,-

(१) खण्ड (ङ) झिकिएको छ।

(२) खण्ड (झ) मा रहेका "योजना आयोगले" भन्ने शब्दहरूको सट्टा "अर्थ मन्त्रालयले" भन्ने शब्दहरू राखिएका छन्।

३. **मूल नियमावलीको नियम ४ मा संशोधन** : मूल नियमावलीको नियम ४ को,-

(१) उपनियम (४) झिकिएको छ।

(२) उपनियम (६) को सट्टा देहायको उपनियम (६) राखिएको छ :-

"(६) आर्थिक वर्षको अन्त्यमा सङ्घीय सञ्चित कोषको हिसाब मिलानको कार्य सम्बन्धी व्यवस्था महालेखा नियन्त्रक कार्यालयले तोके बमोजिम हुनेछ।"

(३) उपनियम (७) पछि देहायको उपनियम (८) थपिएको छ :-

"(८) उपनियम (१) बमोजिमको बैङ्क खाताको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विवरण बैङ्कले महालेखा नियन्त्रक कार्यालय वा महालेखा नियन्त्रक कार्यालयले तोकेको कार्यालयलाई उपलब्ध गराउन बैङ्कको प्रणालीमा पहुँचको व्यवस्था गर्न सक्नेछ।"

४. **मूल नियमावलीको नियम ६ मा संशोधन** : मूल नियमावलीको नियम ६ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) कार्यालय र बजेट प्रणाली बाहिर (एक्स्ट्रा बजेटरी) को सार्वजनिक निकायको नाममा बैङ्क खाता खोल्दा महालेखा नियन्त्रक कार्यालयको स्वीकृति लिनु पर्नेछ।"

५. **मूल नियमावलीको नियम ७ मा संशोधन** : मूल नियमावलीको नियम ७ को उपनियम (६) को सट्टा देहायको उपनियम (६) राखिएको छ :-

"(६) प्रदेश र स्थानीय तहको कार्यालय तथा बजेट प्रणाली बाहिर (एक्स्ट्रा बजेटरी) को सार्वजनिक निकायको बैङ्क खाता खोल्ने स्वीकृति दिँदा प्रदेशको हकमा प्रदेश लेखा नियन्त्रक कार्यालयको प्रमुख र स्थानीय तह तथा बजेट प्रणाली बाहिर (एक्स्ट्रा बजेटरी) को सार्वजनिक निकायको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुखले खाता सञ्चालन गर्ने कर्मचारीको दस्तखत नमूना प्रमाणित गर्नु पर्नेछ।"

६. **मूल नियमावलीको नियम ८ मा संशोधन** : मूल नियमावलीको नियम ८ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) बैङ्कले महालेखा नियन्त्रक कार्यालयको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सहमतिमा कार्यालय र बजेट प्रणाली बाहिर (एक्स्ट्रा बजेटरी) को सार्वजनिक निकायको बैङ्क खाता सञ्चालनको लागि सरकारी कारोबार गर्ने वाणिज्य बैङ्क तोक्नेछ।"

७. **मूल नियमावलीको नियम ११ मा संशोधन**: मूल नियमावलीको नियम ११ को उपनियम (२) मा रहेका "फागुन मसान्तभित्र" भन्ने शब्दहरूको सट्टा "चैत पन्ध्र गतेभित्र" भन्ने शब्दहरू राखिएका छन्।

८. **मूल नियमावलीको नियम १५ मा संशोधन**: मूल नियमावलीको नियम १५ को उपनियम (१) को खण्ड (क) मा रहेका "योजना आयोगबाट" भन्ने शब्दहरूको सट्टा "अर्थ मन्त्रालयबाट" भन्ने शब्दहरू राखी सोही खण्डमा रहेका "मध्यमकालीन खर्च संरचना" भन्ने शब्दहरू पछि ", राजस्वको अनुमानित विवरण" भन्ने शब्दहरू थपिएका छन्।

९. **मूल नियमावलीको नियम १६ मा संशोधन**: मूल नियमावलीको नियम १६ को,-

(१) उपनियम (१) मा रहेका "योजना आयोगबाट" भन्ने शब्दहरूको सट्टा "अर्थ मन्त्रालयबाट" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (३) मा रहेका "वार्षिक बजेट तथा कार्यक्रम" भन्ने शब्दहरू पछि "मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबिआईएस) मार्फत" भन्ने शब्दहरू थपिएका छन्।

(३) उपनियम (५) मा रहेका "अनुमान समेत" भन्ने शब्दहरूको सट्टा "अनुमान अनुसूची १क. बमोजिमको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

ढाँचामा" भन्ने शब्दहरू राखिएका छन्।

(४) उपनियम (६) मा रहेका "आयोजनाको लागि" भन्ने शब्दहरू पछि "स्वीकृत मापदण्ड बमोजिम" भन्ने शब्दहरू थपिएका छन्।

(५) उपनियम (८) मा रहेका "प्रगति विवरण" भन्ने शब्दहरू पछि "मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबिआईएस) मार्फत" भन्ने शब्दहरू थपिएका छन्।

(६) उपनियम (९) मा रहेका "प्रगति विवरण समेत" भन्ने शब्दहरू पछि "मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबिआईएस) मार्फत" भन्ने शब्दहरू थपिएका छन्।

(७) उपनियम (११) मा रहेका "बजेट सीमाबाट" भन्ने शब्दहरू पछि "अनिवार्य दायित्व, " भन्ने शब्दहरू थपिएका छन्।

**१०. <u>मूल नियमावलीको नियम १८ मा संशोधन</u>:** मूल नियमावलीको नियम १८ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम **(१)** राखिएको छः-

"(१) यस नियमावली बमोजिम सबै केन्द्रीय निकायबाट बजेट तथा कार्यक्रम प्राप्त भए पश्चात् अर्थ मन्त्रालयले ऐनको दफा ९ बमोजिम आवश्यक छलफल तथा विश्लेषण गरी ऐनको दफा १० बमोजिम



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बजेट तथा कार्यक्रमलाई अन्तिम रूप दिनेछ।"

(२) उपनियम (३) मा रहेका "सम्बन्धित केन्द्रीय निकायलाई सोही बमोजिम कार्यक्रम समायोजन गर्न लगाउनु पर्नेछ" भन्ने शब्दहरूको सट्टा "सारभूत रूपमा थपघट वा परिमार्जन भएमा सोको जानकारी सम्बन्धित केन्द्रीय निकायलाई दिनु पर्नेछ" भन्ने शब्दहरू राखिएका छन्।

**११. <u>मूल नियमावलीको नियम २१ मा संशोधन</u>:** मूल नियमावलीको नियम २१ को,-

(१) उपनियम (२) मा रहेका "एकीकृत विवरण तयार गरी" भन्ने शब्दहरू पछि "मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबिआईएस) मार्फत" भन्ने शब्दहरू थपिएका छन्।

(२) उपनियम (५) मा रहेका "तीन महिनाभित्र" भन्ने शब्दहरू पछि "विद्युतीय प्रणाली मार्फत" भन्ने शब्दहरू थपिएका छन्।

(३) उपनियम (६) पछि देहायको उपनियम (६क) थपिएको छ :-

"(६क) केन्द्रीय निकायको सम्भावित दायित्व तथा प्रतिबद्धता रकमको समग्र विवरण महालेखा नियन्त्रक कार्यालयको विद्युतीय प्रणाली मार्फत मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबिआईएस) मा आउने व्यवस्था गर्नु पर्नेछ।"

**१२. <u>मूल नियमावलीमा नियम २१क. थप</u>:** मूल नियमावलीको नियम २१ पछि देहायको नियम २१क. थपिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"**२१क. स्रोत सहमति** : ऐनको दफा १२ बमोजिम अर्थ मन्त्रालयले आयोजनाको औचित्य, त्रिवर्षीय विनियोजित बजेट, स्रोत उपलब्धता, खर्चको आवश्यकता र मध्यमकालीन खर्च संरचना समेतका आधारमा बहुवर्षीय आयोजना कार्यान्वयन गर्न स्रोत सहमति दिन सक्नेछ।"

**१३. मूल नियमावलीको नियम २६ मा संशोधन** : मूल नियमावलीको नियम २६ को उपनियम (८) मा रहेका "स्थानीय तहमा आयोजना बैङ्कको स्थापना गर्न" भन्ने शब्दहरूको सट्टा "स्थानीय तहका आयोजना आयोजना बैङ्कमा प्रविष्टि गर्न" भन्ने शब्दहरू राखिएका छन् ।

**१४. मूल नियमावलीको नियम ३२ मा संशोधन** : मूल नियमावलीको नियम ३२ को,-

(१) उपनियम (४) मा रहेका "वा स्रोतान्तर" भन्ने शब्दहरू झिकिएका छन् ।

(२) उपनियम (५) पछि देहायका उपनियम (५क) र (५ख) थपिएका छन्:-

"(५क) ऐनको दफा २० को उपदफा (४ग) बमोजिम विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्बाट निर्णय भए बमोजिम विषयगत मन्त्रालय वा केन्द्रीय निकायसँगको समन्वयमा आयोजना प्राथमिकीकरण गरी सिफारिस भई आएका विपद् व्यवस्थापनका कार्यका लागि तत्काल स्रोत व्यवस्थापन गर्नुपर्ने भएमा कुल वार्षिक बजेटको सीमाभित्र रही



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्बन्धित मन्त्रालय वा केन्द्रीय निकायको स्वीकृत कार्यक्रममा त्यस्तो आयोजना, कार्यक्रम वा क्रियाकलाप समावेश गरी अर्थ मन्त्रालयले रकमान्तर, स्रोतान्तर, कार्यक्रम संशोधन वा थप निकासा मार्फत स्रोत व्यवस्थापन गर्न सक्नेछ।

(५ख) उपनियम (५क) बमोजिम थप हुने आयोजना, कार्यक्रम वा क्रियाकलाप मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबिआईएस) मा प्रविष्टि गर्नु पर्नेछ।"

(३) उपनियम (६) पछि देहायको उपनियम **(६क)** थपिएको छ :-

"**(६क)** उपनियम (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि बजेट सहायता (बजेटरी सपोर्ट) मा स्रोत कायम भएको विनियोजन बजेटको आर्थिक वर्ष समाप्त भइसकेपछि महालेखा नियन्त्रक कार्यालयको अनुरोधमा अर्थ मन्त्रालयले हिसाब मिलान गर्न सक्नेछ।"

**१५. <u>मूल नियमावलीको नियम ३३ मा संशोधन</u>**: मूल नियमावलीको नियम ३३ को,-

(१) नियम शीर्षकमा रहेका "कार्यक्रम संशोधन गर्न सकिने" भन्ने शब्दहरूको सट्टा "कार्यक्रम संशोधन तथा वित्तीय हस्तान्तरण गर्न सकिने" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(१) ऐनको दफा २० बमोजिम स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गतको कुनै कार्यक्रम कार्यान्वयन गर्न नसकिने भएमा वा त्यस्तो कार्यक्रममा विनियोजित रकम स्वीकृत कार्यक्रमभित्रको अन्य कुनै क्रियाकलापमा खर्च गर्नु पर्ने भएमा सम्बन्धित कार्यालयले त्यस्तो कार्यक्रम सम्पन्न गर्न नसक्नुको कारण खुलाई कार्यक्रम संशोधनका लागि तालुक केन्द्रीय निकायमा लेखी पठाउनु पर्नेछ। त्यसरी लेखी पठाउँदा आवधिक योजना तथा कार्यक्रमको उद्देश्य, लक्ष्य र स्वीकृत बजेट अनुकूल हुने गरी पठाउनु पर्नेछ।"

(३) उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छ :-

"(३) ऐनको दफा २२ को उपदफा (१) बमोजिम अनुदान हस्तान्तरण भएकोमा प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (पिएलएमबिआईएस) मा एकमुष्ट बजेट विनियोजन गरी बजेट तर्जुमा भएमा प्रदेशका सम्बन्धित निकायले त्यस्तो कार्यक्रमको उद्देश्य, मर्म र क्षेत्राधिकार फरक नपर्ने तथा क्रियाकलाप परिवर्तन नहुने गरी आफू अन्तर्गतको निकायलाई अख्तियारी प्रदान गर्न सक्नेछ।"

१६. **<u>मूल नियमावलीको नियम ३९ मा संशोधन</u>** : मूल नियमावलीको नियम ३९ को,-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**(१)** उपनियम (१३) को सट्टा देहायको उपनियम (१३) राखिएको छ :-

"(१३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (१५) बमोजिमका विषयमा चालू वर्षको बजेटले नखामेको खर्च वा नियम ३० बमोजिम भुक्तानी निकासा बन्द भएको कारण भुक्तानी हुन नसकेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बिल, भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको एक्काइस दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयमा आर्थिक विवरणसँगै पेश गर्नु पर्नेछ। त्यसरी पेश भएको भुक्तानी दिन बाँकी रकमको विवरण आर्थिक विवरणसँगै प्रमाणित गर्नु पर्नेछ।"

(२) उपनियम (१५) को खण्ड (च) पछि देहायको खण्ड (च१) थपिएको छ :-

"(च१) सामाजिक सुरक्षा बापतको रकम,"

**१७.** **<u>मूल नियमावलीको नियम ४० मा संशोधन</u>:** मूल नियमावलीको नियम ४० को,-

(१) नियम शीर्षकमा रहेका "सरकारी सम्पत्तिको हस्तान्तरण, आर्थिक सहायता तथा अनुदान" भन्ने शब्दहरूको सट्टा "सरकारी घर, जग्गा हस्तान्तरण, आर्थिक सहायता तथा अनुदान" भन्ने शब्दहरू राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) कुनै कार्यालयको नाममा रहेको घर, जग्गा अर्को कार्यालयलाई हस्तान्तरण गर्नु परेमा त्यस्तो घर, जग्गासँग सम्बन्धित केन्द्रीय निकायको सहमति लिई अर्थ मन्त्रालयको सिफारिसमा नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय बमोजिम हस्तान्तरण गर्न सकिनेछ।"

१८. **मूल नियमावलीको नियम ४५ मा संशोधन :** मूल नियमावलीको नियम ४५ को,-

(१) उपनियम (२) झिकिएको छ।

(२) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छ :-

"(३) उपनियम (१) बमोजिम सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रकम फिर्ता नगरेमा महालेखा नियन्त्रक कार्यालयले विद्युतीय प्रणालीमा खर्च नभई बाँकी रहेको रकमको विवरण अर्थ मन्त्रालयमा पेश गर्नु पर्नेछ।"

(३) उपनियम (३) पछि देहायका उपनियम (४), (५) र (६) थपिएका छन् :-

"(४) उपनियम (३) बमोजिम पेश भएको विवरणको आधारमा उपनियम (१) बमोजिमको रकम सम्बन्धित प्रदेश वा स्थानीय तहको खाताबाट सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने भएमा अर्थ मन्त्रालयले सोही



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिम निर्णय गरी महालेखा नियन्त्रक कार्यालयलाई लेखी पठाउन सक्नेछ।

(५) उपनियम (४) बमोजिम अर्थ मन्त्रालयबाट लेखी आएमा महालेखा नियन्त्रक कार्यालयले सङ्घीय सञ्चित कोषमा रकम दाखिला गर्न बैङ्मा लेखी पठाउनु पर्नेछ।

**(६)** उपनियम **(५)** बमोजिम लेखी आएमा बैङ्कले सम्बन्धित वाणिज्य बैङ्कबाट रकम प्राप्त गरी सङ्घीय सञ्चित कोषमा जम्मा गरी सोको जानकारी महालेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।"

**१९.** **मूल नियमावलीको नियम ४६ मा संशोधन**: मूल नियमावलीको नियम ४६ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) प्रदेश वा स्थानीय तह मार्फत कुनै आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने गरी निर्णय भएमा अर्थ मन्त्रालयले सम्बन्धित प्रदेश वा स्थानीय तहलाई सङ्घीय निकायको एकाइको रूपमा मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबिआईएस) मा कार्यालय कोड दिई सोही कोडबाट प्रचलित कानून बमोजिम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले एकल खाता कोष प्रणाली अनुसार आर्थिक कारोबार सञ्चालन गर्ने गरी त्यस्तो आयोजना वा कार्यक्रमको भुक्तानी निकासा दिनेछ।"

**२०.** **मूल नियमावलीको नियम ५६ मा संशोधन**: मूल नियमावलीको नियम ५६ को,-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) कार्यालय र बजेट प्रणाली बाहिर (एक्स्ट्रा बजेटरी) को सार्वजनिक निकायले विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबारको लेखा नगदमा आधारित दोहोरो लेखा प्रणालीको सिद्धान्त बमोजिम राख्नु पर्नेछ।"

(२) उपनियम (२) मा रहेका "महालेखा नियन्त्रक कार्यालयले" भन्ने शब्दहरू पछि "बजेट प्रणाली बाहिर (एक्स्ट्रा बजेटरी) को सार्वजनिक निकाय वा सरकारी कारोबारको" भन्ने शब्दहरू थपिएका छन्।

**२१.** **<u>मूल नियमावलीको नियम ५८ मा संशोधन</u>** : मूल नियमावलीको नियम ५८ को,-

(१) उपनियम (८) मा रहेका "त्यस्तो राजस्व सङ्घीय सञ्चित कोषमा स्वतः दाखिला भएको मानिनेछ।" भन्ने शब्दहरू झिकिएका छन्।

(२) उपनियम (९) मा रहेका "उपनियम (८) बमोजिम" भन्ने शब्दहरू झिकिएका छन्।

(३) उपनियम (१४) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ख) मा रहेका "भदौ मसान्त" भन्ने शब्दहरूको सट्टा "असोज मसान्त" भन्ने शब्दहरू राखिएका छन्।

**२२.** <u>मूल नियमावलीको नियम ६३ मा संशोधन</u> : मूल नियमावलीको नियम ६३ को,-

**(१)** उपनियम (४) पछि देहायको उपनियम (४क) थपिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(४क) उपनियम (४) बमोजिमको धरौटी खातामा वैदेशिक मुद्रामा धरौटी राख्ने कार्यालय र बजेट प्रणाली बाहिर (एक्स्ट्रा बजेटरी) को सार्वजनिक निकायले वैदेशिक मुद्रामा रकम जम्मा गर्न र खर्च गर्न सक्नेछ।"

**(२)** उपनियम (५) मा रहेका "उपनियम **(२), (३)** वा **(४)** बमोजिम" भन्ने शब्दहरूको सट्टा "उपनियम **(२), (३), (४)** वा **(४क)** बमोजिम" भन्ने शब्दहरू राखिएका छन्।

**२३.** **<u>मूल नियमावलीको नियम ७६ मा संशोधन</u>** : मूल नियमावलीको नियम ७६ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) कार्यालयले आर्थिक वर्षभित्र भएको बजेट प्राप्ति र भुक्तानी, सम्पत्ति तथा दायित्व, पेश्की, प्रतिबद्धता, बजेट प्रणाली बाहिरको आय व्यय, अन्य कोषहरू, बेरुजु, भुक्तानी दिन बाँकी रकम समेतका विवरण समावेश भएको वार्षिक वित्तीय विवरण महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा तयार गरी आर्थिक वर्ष समाप्त भएको एक्काइस दिनभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ।"

**२४.** **<u>मूल नियमावलीको नियम ७८ मा संशोधन</u>** : मूल नियमावलीको नियम ७८ को,-

(१) उपनियम (१) मा रहेका "चल अचल मालसामान" भन्ने शब्दहरूको सट्टा "जिन्सी मालसामान" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(२) उपनियम (१) बमोजिम लेखा तथा अभिलेख राख्दा प्रति एकाइ मूल्य पाँच हजार रुपैयाँसम्म पर्ने जिन्सीलाई जिन्सी मालसामान खातामा अभिलेख राख्नु पर्नेछ।"

(३) उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छ :-

"(२क) उपनियम (१) बमोजिम लेखा तथा अभिलेख राख्दा प्रति एकाइ मूल्य पाँच हजार रुपैयाँभन्दा बढी रकम पर्ने सम्पत्तिलाई सम्पत्ति खातामा अभिलेख राख्नु पर्नेछ।"

(४) उपनियम (३) मा रहेका "उपनियम (२)" भन्ने शब्दहरूको सट्टा "उपनियम (२क)" भन्ने शब्दहरू राखी सोही उपनियमको ठाउँ ठाउँमा रहेका "मालसामान तथा" भन्ने शब्दहरू झिकिएका छन्।

(५) उपनियम (३) पछि देहायको उपनियम (३क) थपिएको छ :-

"(३क) उपनियम (२) बमोजिमको जिन्सी मालसामान प्रयोग हुन सक्ने अवस्थासम्म अभिलेख राख्नु पर्नेछ। त्यस्तो जिन्सी मालसामान प्रयोग हुन नसक्ने अवस्था भएमा कार्यालय प्रमुखबाट निर्णय गरी खर्च लेख्न सकिनेछ।"

(६) उपनियम (४) र (५) को ठाउँ ठाउँमा रहेको "मालसामान" भन्ने शब्दको सट्टा "जिन्सी मालसामान" भन्ने शब्दहरू राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२५. **<u>मूल नियमावलीको नियम ७९ मा संशोधन</u>** : मूल नियमावलीको नियम ७९ को,-

(१) नियम शीर्षकमा रहेका "बोर्ड, समिति वा अन्य संस्थाले लेखा तथा विवरण पेश गर्नुपर्ने" भन्ने शब्दहरूको सट्टा "बजेट प्रणाली बाहिर (एक्स्ट्रा बजेटरी) को सार्वजनिक निकायले वित्तीय विवरण पेश गर्नुपर्ने" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) बजेट प्रणाली बाहिर (एक्स्ट्रा बजेटरी) को सार्वजनिक निकायले आफ्नो र आफ्नो अन्तर्गतका कार्यालयको अनुदान, आफ्नो आन्तरिक आम्दानी वा अन्य निकायबाट प्राप्त रकम समेत समावेश गरी प्राप्ति र भुक्तानी, सम्पत्ति तथा दायित्व, पेश्की, प्रतिबद्धता, अन्य कोषहरू, बेरुजु, भुक्तानी दिन बाँकी रकम समेतको विवरण त्रैमासिक र वार्षिक रूपमा तयार गर्नु पर्नेछ। त्यसरी तयार गरेको त्रैमासिक विवरण त्रैमास समाप्त भएको पन्ध्र दिनभित्र र वार्षिक विवरण भदौ मसान्तभित्र सम्बन्धित मन्त्रालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ।"

२६. **<u>मूल नियमावलीको नियम ८१ मा संशोधन</u>** : मूल नियमावलीको नियम ८१ को,-

(१) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छ :-

"**(३)** उपनियम (१) बमोजिम आन्तरिक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नियन्त्रण प्रणाली तयार गर्दा उपनियम (२) बमोजिमका विषय समावेश गरी अनुसूची-११क. बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ।”

(२) उपनियम (३) पछि देहायका उपनियम (३क), (३ख) र (३ग) थपिएका छन् :-

“(३क) उपनियम (३) बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी स्वीकृतिका लागि केन्द्रीय निकाय अन्तर्गतको विभाग वा विभाग सरहको निकायले सम्बन्धित केन्द्रीय निकायमा पठाउनु पर्नेछ।

(३ख) उपनियम (३क) बमोजिम प्राप्त हुन आएको आन्तरिक नियन्त्रण प्रणालीलाई केन्द्रीय निकायले सोही रूपमा वा आवश्यकता अनुसार परिमार्जन सहित स्वीकृत गरी कार्यान्वयनको लागि सम्बन्धित निकायमा पठाउनु पर्नेछ।

(३ग) यस नियम बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार र स्वीकृत गर्दा ऐनको दफा ६५ को उपदफा (२) बमोजिम महालेखा नियन्त्रक कार्यालयले बनाएको दिग्दर्शनको आधारमा गर्नु पर्नेछ ।”

२७. **मूल नियमावलीको नियम ८३ मा संशोधन** : मूल नियमावलीको नियम ८३ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

“(१) महालेखा नियन्त्रक कार्यालयले कार्यालयको आन्तरिक लेखापरीक्षण गर्न नेपाल प्रशासन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सेवा, लेखा समूहमा कार्यरत राजपत्राङ्कित तृतीय श्रेणीको कर्मचारीलाई आन्तरिक लेखापरीक्षण अधिकृत र राजपत्रअनङ्कित प्रथम श्रेणीको कर्मचारीलाई आन्तरिक लेखापरीक्षण सहायकका रूपमा कम्तीमा दुई वर्षको लागि आन्तरिक लेखापरीक्षक तोक्नेछ।"

(२) उपनियम (२) झिकिएको छ।

(३) उपनियम (३) मा रहेका "र (२)" भन्ने शब्दहरू झिकिएका छन्।

**२८. <u>मूल नियमावलीको नियम ८४ मा संशोधन</u>** : मूल नियमावलीको नियम ८४ को उपनियम (६) को खण्ड (च) पछि देहायको खण्ड (च१) थपिएको छ :-

"(च१) कार्यालय, बजेट प्रणाली बाहिर (एक्स्ट्रा बजेटरी) को सार्वजनिक निकाय वा आयोजनाको नाममा बैङ्कमा विदेशी मुद्रामा कुनै खाता सञ्चालनमा रहेको भएमा त्यसको स्रेस्ता, शोधभर्नाको हिसाब राखे वा नराखेको,"

**२९. <u>मूल नियमावलीको नियम ८७ मा संशोधन</u>** : मूल नियमावलीको नियम ८७ को खण्ड (ङ) मा रहेका "बाहेक अन्य" भन्ने शब्दहरू झिकिएका छन्।

**३०. <u>मूल नियमावलीको नियम ८८ मा संशोधन</u>** : मूल नियमावलीको नियम ८८ को उपनियम (३) मा रहेको "चौमासिक" भन्ने शब्दको सट्टा "त्रैमासिक" भन्ने शब्द राखिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३१. **मूल नियमावलीको नियम ९२ मा संशोधन** : मूल नियमावलीको नियम ९२ को उपनियम (२) र (३) को ठाउँ ठाउँमा रहेका "बेरुजु नियमित" भन्ने शब्दहरूको सट्टा "बेरुजु नियमित वा मिनाहा" भन्ने शब्दहरू राखिएका छन्।

३२. **मूल नियमावलीको नियम ९४ मा संशोधन** : मूल नियमावलीको नियम ९४ को उपनियम (३) पछि देहायको उपनियम (३क) थपिएको छ :-

"(३क) सार्वजनिक पूर्वाधार, स्वास्थ्य उपकरण जस्ता विशिष्ट प्रकृतिको प्राविधिक विज्ञता आवश्यक पर्ने सम्पत्ति तथा त्यस्तो सम्पत्ति सम्बन्धी कागजात र अभिलेख कार्यालय प्रमुखले तोकेको कर्मचारीको जिम्मामा रहने गरी तोक्न सक्नेछ।"

३३. **मूल नियमावलीको नियम ९५ मा संशोधन** : मूल नियमावलीको नियम ९५ को,-

(१) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ :-

"(२) उपनियम (१) बमोजिम लगत तयार गर्ने र लगत बमोजिमको सम्पत्ति तथा जिन्सी मालसामान कार्यालय प्रमुखको रेखदेखमा नियम ९४ को उपनियम (३) र (३क) बमोजिमको कर्मचारीको जिम्मामा रहनेछ।"

(२) उपनियम (३) पछि देहायको उपनियम (४) थपिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(४) सम्पत्तिको मूल्याङ्कन, पुनः मूल्याङ्कन तथा अभिलेखीकरण सम्बन्धी अन्य व्यवस्था महालेखा नियन्त्रक कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ।"

**३४. <u>मूल नियमावलीको नियम ९७ मा संशोधन</u>** : मूल नियमावलीको नियम ९७ को उपनियम (५) को सट्टा देहायको उपनियम (५) राखिएको छ :-

"(५) उपनियम (४) बमोजिम पैठारी भएको सम्पत्ति तथा जिन्सी मालसामान हस्तान्तरण भई नेपाल सरकारको स्वामित्वमा आएमा त्यस्तो सम्पत्ति तथा जिन्सी मालसामान आयोजना वा कार्यालयले स्रेस्तामा आम्दानी बाँधी महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा अभिलेख राख्नु पर्नेछ।"

**३५. <u>मूल नियमावलीको नियम १०१ मा संशोधन</u>** : मूल नियमावलीको नियम १०१ को नियम शीर्षकमा र ठाउँ ठाउँमा रहेका "वार्षिक विवरण" भन्ने शब्दहरूको सट्टा "त्रैमासिक तथा वार्षिक विवरण" भन्ने शब्दहरू राखिएका छन्।

**३६. <u>मूल नियमावलीको नियम १०५ मा संशोधन</u>** : मूल नियमावलीको नियम १०५ को,-

(१) नियम शीर्षकमा रहेका "लिखित आदेश नभई मालसामान हस्तान्तरण गर्न नहुने" भन्ने शब्दहरूको सट्टा "लिखित आदेश नभई सरकारी सम्पत्ति तथा जिन्सी मालसामान हस्तान्तरण गर्न नहुने" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (१) मा रहेका "नगदी, जिन्सी" भन्ने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

शब्दहरूको सट्टा "सरकारी सम्पत्ति तथा जिन्सी मालसामान" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपनियम (२) मा रहेका "नगदी, जिन्सी वा सरकारी कागजात" भन्ने शब्दहरूको सट्टा "सरकारी सम्पत्ति, जिन्सी मालसामान वा सरकारी कागजात" भन्ने शब्दहरू राखी सोही उपनियमको ठाउँ ठाउँमा रहेका "नगदी वा जिन्सी" भन्ने शब्दहरूको सट्टा "सम्पत्ति वा जिन्सी" भन्ने शब्दहरू राखिएका छन्।

(४) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छ :-

"(३) कार्यालयमा सवारी साधन, यान्त्रिक उपकरण, औजार जस्ता सम्पत्ति हस्तान्तरण गर्नु परेमा त्यस्तो सम्पत्ति लिने र दिने दुवै कार्यालयका सचिव र महालेखा नियन्त्रक रहेको समितिको निर्णयको आधारमा गर्नु पर्नेछ।

तर आफू अन्तर्गतको निकायमा यान्त्रिक उपकरण, मेसिनरी औजार जस्ता जिन्सी मालसामान तथा सम्पत्ति हस्तान्तरण गर्नु परेमा लेखा उत्तरदायी अधिकृतको निर्णयको आधारमा हस्तान्तरण गर्न बाधा पर्ने छैन।"

(५) उपनियम (३) पछि देहायका उपनियम (४) र (५) थपिएका छन् :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(४) नेपाल सरकारबाट प्रदेश सरकार वा स्थानीय तहमा सवारी साधन हस्तान्तरण गर्दा अर्थ मन्त्रालयको सहमतिमा सम्बन्धित लेखा उत्तरदायी अधिकृतको निर्णयको आधारमा गर्न सकिनेछ।

**(५)** उपनियम **(४)** बमोजिम सवारी साधन हस्तान्तरण गर्दा दर्ता नामसारी गरी हस्तान्तरण गर्नु पर्नेछ।"

**३७. <u>मूल नियमावलीको नियम १०६ मा संशोधन</u> :** मूल नियमावलीको नियम १०६ को,-

(१) उपनियम (२) र (३) को ठाउँ ठाउँमा रहेको "मालसामान" भन्ने शब्दको सट्टा "सम्पत्ति" भन्ने शब्द राखिएको छ।

(२) उपनियम (३) पछि देहायको उपनियम (३क) थपिएको छ :-

"(३क) उपनियम (२) वा (३) बमोजिम लिलाम बिक्री गर्ने निर्णय गर्दा लिलाम बिक्री गर्ने सम्पत्ति पत्रुको रूपमा लिलाम बिक्री गर्नुपर्ने भएमा सोको व्यहोरा समेत खुलाई निर्णय गर्नु पर्नेछ।"

**३८. <u>मूल नियमावलीको नियम १०७ मा संशोधन</u> :** मूल नियमावलीको नियम १०७ को,-

(१) उपनियम (४) मा रहेको "मूल्य" भन्ने शब्दको सट्टा "किताबी मूल्य" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (५) को सट्टा देहायको उपनियम (५) राखिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(५) नियम १०६ को उपनियम (१) र (२) बमोजिमका सम्पत्ति तथा जिन्सी मालसामानको लिलाम बिक्री मूल्य कायम गर्दा उपनियम (४) बमोजिमको किताबी मूल्यमा देहायका विषयलाई समेत विचार गरी न्यूनतम मूल्य सिफारिस गर्नु पर्नेछ :-

(क) यसअघि लिलाम बिक्री गरेको त्यस्तै प्रकृतिको सम्पत्ति तथा जिन्सी मालसामानको दररेट,

(ख) पुराना सम्पत्ति तथा जिन्सी मालसामानको खरिद बिक्री गर्ने फर्म, कम्पनी वा व्यावसायिक सङ्घ संस्थाले निर्धारण गरेको दररेट,

(ग) खण्ड (क) र (ख) बमोजिम दररेट प्राप्त हुन नसकेमा मूल्याङ्कन समितिले कायम गरेको उपयुक्त दररेट।"

(३) उपनियम (६) झिकिएको छ।

३९. **<u>मूल नियमावलीको नियम १०८ मा संशोधन</u>** : मूल नियमावलीको नियम १०८ को,-

(१) उपनियम (६) झिकिएको छ।

(२) उपनियम (७) र (८) को सट्टा देहायका उपनियम (७) र (८) राखिएका छन् :-

"(७) उपनियम (१) वा (४) बमोजिम लिलाम बिक्री हुन नसकेमा कायम भएको न्यूनतम मूल्यमा वार्ताद्वारा सोझै बिक्री गर्न सकिनेछ।

(८) उपनियम (७) बमोजिम समेत बिक्री हुन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नसकेमा नियम १०७ को उपनियम (१) बमोजिमको समितिबाट पुनः मूल्याङ्कन गराई कायम भएको मूल्यमा उपनियम (१) वा (४) मा तोकिएको म्यादको आधा म्याद दिई लिलाम बिक्रीको प्रक्रिया सुरु गर्नु पर्नेछ।"

(३) उपनियम (९) पछि देहायको उपनियम (९क) थपिएको छ :-

"(९क) उपनियम (९) बमोजिम लिलाम बिक्री गर्दा कार्यालयले सात दिनको सूचना दिई सिलबन्दी प्रस्ताव माग गरी गर्नु पर्नेछ।"

४०. **मूल नियमावलीको नियम ११२ मा संशोधन** : मूल नियमावलीको नियम ११२ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) ऐनको दफा ४७ को उपदफा (३) र दफा ४९ को उपदफा (१) बमोजिमको सरकारी बाँकी सरह असुल उपर गर्नुपर्ने रकम सरकारी बाँकीको लगत कायम गर्न लेखा उत्तरदायी अधिकृतले अनुसूची-१५ बमोजिमको ढाँचामा कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयमा पठाउनु पर्नेछ।"

(२) उपनियम (१) पछि देहायका उपनियम (१क) र (१ख) थपिएका छन् :-

"(१क) उपनियम (१) बमोजिम सरकारी बाँकीको लगत पठाउँदा नियम ९० को उपनियम (१),



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) र (५) बमोजिमको प्रक्रिया पूरा गर्दा समेत असुल उपर हुन नसकेको रकम मात्र पठाउनु पर्नेछ।

(१ख) उपनियम (१) बमोजिम प्राप्त हुन आएको विवरण कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयले जाँची रीत पुगेको भएमा सात दिनभित्र लगत कसी सोको जानकारी सम्बन्धित निकायमा दिनु पर्नेछ र त्यसरी प्राप्त भएको जानकारीको आधारमा सम्बन्धित निकायले आफ्नो लगत कट्टा गर्नु पर्नेछ।"

४१. **मूल नियमावलीको नियम ११३ मा संशोधन** : मूल नियमावलीको नियम ११३ को उपनियम (१) को खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छ:-

"(ग१) सरकारी बाँकी रकम तिर्नुपर्ने व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई नेपाल सरकारका निकायबाट उपलब्ध गराइने सेवा सुविधा रोक्का गर्न सम्बन्धित निकायमा लेखी पठाउने,"

४२. **मूल नियमावलीको नियम ११४ मा संशोधन** : मूल नियमावलीको नियम ११४ को उपनियम (१) मा रहेका "बेरूजु रकम" भन्ने शब्दहरूको सट्टा "सरकारी बाँकी रकम" भन्ने शब्दहरू राखिएका छन्।

४३. **मूल नियमावलीको नियम १२९ मा संशोधन** : मूल नियमावलीको नियम १२९ को उपनियम (२) मा रहेका "महालेखा नियन्त्रक कार्यालयले" भन्ने शब्दहरूको सट्टा "अर्थ



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मन्त्रालय वा महालेखा नियन्त्रक कार्यालयले" भन्ने शब्दहरू राखिएका छन्।

४४. **मूल नियमावलीको अनुसूचीमा संशोधन** : मूल नियमावलीको,-

(१) अनुसूची-१ पछि संलग्न बमोजिमको अनुसूची-१क. थपिएको छ।

(२) अनुसूची-११ झिकिएको छ।

(३) अनुसूची-११ पछि संलग्न बमोजिमको अनुसूची-११क. थपिएको छ।

(४) अनुसूची-१५ को ठाउँ ठाउँमा रहेका "लगत कस्न" भन्ने शब्दहरूको सट्टा "सरकारी बाँकी रकमको लगत कस्न" भन्ने शब्दहरू राखिएका छन्।

४५. **खारेजी**: मूल नियमावलीको नियम १२५ खारेज गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-१क.

(नियम १६ को उपनियम (५) सँग सम्बन्धित)

नेपाल सरकार

.......................... मन्त्रालय/निकाय

**राजस्वको अनुमानित विवरणको**

| क्र.सं. | राजस्व शीर्षक | अनुमानित राजस्व रकम (रु. हजारमा) |
| --- | --- | --- |
| | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-११क.

(नियम ८१ को उपनियम (३)सँग सम्बन्धित)

## <u>आन्तरिक नियन्त्रण प्रणालीको ढाँचा</u>

**१. निकायको नाम र ठेगानाः**

**२. दूरदृष्टि**: निकायको दूरदृष्टि देहाय बमोजिम रहेको छ :-

.................................................................................

**३. उद्देश्य** : निकायका उद्देश्य देहाय बमोजिम रहेका छन् :-

(१)........................................................

(२)........................................................

**४. मुख्य कार्य** : निकायको दूरदृष्टि तथा उद्देश्य पूरा गर्न गरिने मुख्य कार्य देहाय बमोजिम रहेका छन् :-

(१) ........................................................

(२) ........................................................

**५. कार्यान्वयन गर्ने कार्यालय वा निकायः** केन्द्रीयस्तरको निकाय वा विभाग वा विभागस्तरीय कार्यालयले तयार तथा स्वीकृत गरेको आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्ने निकाय वा कार्यालय देहाय बमोजिम रहेका छन् :-

(१)........................................................

(२)........................................................

**६. आन्तरिक नियन्त्रण प्रणालीको खाका** : निकायको समष्टिगत उद्देश्य र उक्त उद्देश्य प्राप्त गर्न गरिने मुख्य कार्यमा विद्यमान जोखिम न्यूनीकरण गर्न सघाउ पुऱ्याउने आन्तरिक नियन्त्रणको खाका देहाय बमोजिम रहेको छ :-

**६.१ नियन्त्रणको वातावरण** : आन्तरिक नियन्त्रणको लागि निकायसँग सम्बन्धित ऐन, नियम, निर्देशिका, कार्यविधि,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मापदण्ड, दिग्दर्शनका साथै सङ्गठन संरचना, प्रणाली, कार्यविभाजन तथा कार्य विवरण लगायत विद्यमान व्यवस्थाहरू :

(१) ..................................................

(२)..................................................

(३) ..................................................

**६.२ आन्तरिक नियन्त्रणको खाका :**

| क.सं. | विद्यमान तथा सम्भावित जोखिमहरू | जोखिम नियन्त्रणका क्रियाकलाप | सूचना र सञ्चार | अनुगमन गर्ने निकाय र विधि |
|---|---|---|---|---|
| | | | | |

**आज्ञाले,**

**डा. घनश्याम उपाध्याय**

**नेपाल सरकारको सचिव ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।